■ लाजिमा वन्त-भट्ट

# नेपाली सञ्चार माध्यममा 'खाते'

## विषय प्रवेश

सन् १९९२ को गर्मी छुट्टीमा मैले झण्डै २ महिना जति सिवीन (CWIN– चाइल्ड वर्कर्स इन नेपाल)को 'कमन रुम'मा स्वयंसेवक भएर समय बिताएकी थिएँ। त्यही बेला नै मैले त्यहाँ आउने सडक बालबालिकाहरू र सिवीनका सहकर्मीहरूबाट सडक बालबालिकाहरूको दैनिक संघर्ष, जीवनयापनका उपायहरू, एक आपसको मित्रता र झगडा, अनि उनीहरूको सडक संस्कृतिका विभिन्न पक्षहरूबारे जानकारी पाएँ। त्यहीं नै मैले पहिलो पटक 'खाते' शब्द सुनेकी थिएँ। सिवीनका सहकर्मीहरू र सडक बालबालिकाहरूले खाते शब्दको अर्थ पनि मलाई खुलाइदिएका थिए। 'सडकमा बस्ने र प्लास्टिक टिपेर हिंड्ने बच्चाहरूलाई खाते भन्छन् रे' भनेर मैले आफ्नो परिवार र साथीभाइहरूलाई बताँउदा यो शब्दसँग परिचित भएको कोही भेटिनँ। मेरो परिचयका पत्रपत्रिका पढ्ने, शिक्षित वर्गका शहरिया व्यक्तिहरूले खाते शब्द सुन्दा निधार खुम्च्याउँदै "के रे?" "खाते?" "के हो त्यो?" जस्ता प्रश्न गरेका थिए। त्यसैले, सन् १९९२ सम्म यो शब्द नेपाली भाषामा अनौठो र बहुसंख्यक नेपालीहरूको लागि अर्थविहीन नै थियो भन्ने कुरामा म विश्वस्त छु।

अहिले, ठ्याम्मै एक दशकपछि सन् २००२ मा, खाते शब्दले नेपाली भाषामा अर्थपूर्ण स्थायित्व पाइसकेको छ। र, बोलीचालीको भाषामा पनि मनग्य प्रयोग हुने गर्दछ। यो शब्दको अर्थ नबुझ्ने नेपाली शहर बजारमा अचेल भेट्टाउन गाह्रै पर्छ। गाउँघरमै पनि सञ्चार माध्यमहरूबाट यो शब्द पुगिसकेकोले पूर्ण रूपमा अनौठो र अर्थहीन लाग्दैन होला भन्ने विश्वास छ। दश वर्षअघि बहुसंख्यक नेपालीले नबुझ्ने यो शब्द (खाते) किन र कसरी आज साधारण बोलीचालीमा पनि व्यापक प्रयोगमा आइपुग्यो? यस्तो परिवर्तन हुनुमा सञ्चारको के कस्तो भूमिका छ? यो शब्दको एउटै मात्र अर्थ छ कि अरु पनि अर्थ छन्? यी सवालहरूको विश्लेषण नै यस निबन्धको मूल विषयवस्तु हो। यहाँनेर मेरो तर्क हो– सञ्चार माध्यमले सडक बालबालिकाप्रति विशेष चाख नदेखाएका भए खाते शब्द आज पनि नेपालीहरूका लागि अनौठो र अर्थहीन लाग्दथ्यो। मिडियाले नै यो शब्दलाई अर्थपूर्ण बनायो र भाषामा स्थायित्व दियो। प्रायश: मिडियामा सबै

सडक बालबालिकालाई खाते शब्द प्रयुक्त भएको पाइन्छ। सबै सडक बालबालिकाको सामूहिक परिचायकको रूपमा खाते शब्द देखापरेको छ। मिडियामा खाते शब्द जुन अर्थमा प्रयोग भैरहेछ त्यसलाई र त्यसले प्रतिबिम्बित गर्ने सामूहिक पहिचान स्वीकार नगर्ने सडक बालबालिकाहरूका लागि उनीहरूमाथि लादिएको यो पहिचान एक मुद्दा बनेको छ। अहिले पत्रपत्रिका पढ्ने औसत नेपालीको लागि खातेको अर्थ सडकमा बस्ने सबै बालबालिकाहरू हुनपुगेको छ।

## खाते शब्दको नेपाली मिडियामा प्रवेश

खाते शब्दको प्रयोग नेपाली मिडियाका विभिन्न माध्यमहरूमा देखा पर्नुभन्दा पहिले बालबालिकाहरूको अधिकार र संरक्षणको क्षेत्रमा काम गर्दै आएको गैरसरकारी संस्था सिवीनले अंग्रेजी र नेपाली भाषामा प्रकाशित गर्ने पत्रिकाहरू क्रमश: *भ्वाइस अफ चाइल्ड वर्कर्स* र *बालसरोकार*मा तथा सिवीनका अन्य रिपोर्टहरूमा देखा परेको हो। डिसेम्बर १९८९ मा निस्केको *भ्वाइस अफ चाइल्ड वर्कर्स*मा नै सिवीनले प्लास्टिक बटुल्ने सडक बालबालिकाहरूले आफूलाई 'खाते' भन्छन् भनी उल्लेख गरेको छ (सिवीन १९८९:१२)। सिवीनमा कार्यरत रूपा धितालले *बालसरोकार*को दोस्रो अंकमा खाते शब्दको विश्लेषण यसरी प्रस्तुत गर्नु भएको छ :

> *फोहोर टिप्ने यिनीहरू आफूलाई 'खाते भन्ने गर्दछन्। यो खाते शब्द कुनै औपचारिक शब्द होइन। र, यो कुनै शब्दकोशमा पनि छैन। तर यी 'फोहोर टिप्ने' बालबालिकाहरूको लागि यसको छुट्टै महत्व छ। खाते भनेको 'खानलाई जन्मेको भनेको हो' उनीहरू स्पष्टीकरण दिन्छन्– "हामी खानकै लागि काम गर्छौं र काम गर्नकै लागि बाँच्दछौं। यसको अर्थ हो हामी खानकै लागि बाँच्दछौं" (१९९१:३६)।*

खाते शब्द सडकमा बस्ने र फालिएको फोहरबाट पुन: प्रयोगमा ल्याउन मिल्ने धातु, प्लास्टिक, आदि वस्तुहरू बटुलेर तिनैलाई बिक्री गरी जीविका चलाउनेहरूले नै सिर्जना गरेका हुन्। सन् १९९४-९५ मा सडक बालबालिका र सडक संस्कृतिबारे शोधपत्र तयार गर्ने सिलसिलामा मैले प्लास्टिक टिप्ने सडक बालबालिकाहरूसँग कुराकानी गर्दा 'काम गरेर जति कमाए पनि पैसा नबचाउने र सबै खाएर उडाउने भएकाले हामीले आफूलाई खाते भनेका हौं' भनेर बताएका थिए (वन्त-भट्ट १९९६ र २०००)। सडक बालकहरूले दिएका यो परिभाषाबाट खाते शब्द उनीहरूको लागि जीउनुको अर्थ खानु र काम गर्नुसँग अकाट्य रूपमा गाँसिएको थियो भन्ने तथ्य प्रतिविम्बित गर्छ। सडक बालकहरूको समुदायमा खाते शब्द सडक जीवनसँग मात्र नभएर फालिएको फोहोरबाट पुन: प्रयोग गर्न सकिने वस्तुहरूको संकलन र बिक्री गरी जीवनयापन गर्ने तरिकासँग विशेष रूपमा गाँसिएको थियो। खाते शब्दले जीवनयापनको यो तरीका र यो तरिका अपनाउने बालबालिकाहरूलाई अंकित गर्दथ्यो। यही अर्थमा खाते शब्दको प्रयोग सिवीनका प्रकाशनहरूमा प्रशस्तै भएपनि नेपाली मिडियामा भने सन् १९९२ सम्म फाट्ट फुट्ट मात्रै भएको पाइन्छ।

सन १९९२को अगस्टदेखि नेपाली पत्रपत्रिकाहरूमा सडक बालबालिकाहरूको



विषयलाई लिएर समाचार र अन्य सामग्रीहरूको प्रचुरता देखिन थाल्यो। यसको मूल कारण सिवीन र आरोहण नाट्य समूहको संयुक्त प्रयासमा आयोजित "खाते: आवाजविहीन बालापन" शीर्षकको नाटक थियो। फ्रान्सेली साँस्कृतिक केन्द्रमा ७ दिनसम्म प्रदर्शन गरिएको सडक बालकहरूकै अनुभवमा आधारित यो नाटकमा उनीहरूले नै अभिनय गरेका थिए भने संवाद पनि उनीहरूकै मौलिक भाषामा थियो। यो नाटकको प्रदर्शनपछि अंग्रेजी साप्ताहिक *दि इण्डिपेन्डेन्ट* ले नाटकमा प्रस्तुत सडक बालबालिकाहरूको दैनिक जीवनको विविध पक्षहरूको चर्चा गर्दै नाटकको एक दृश्य तस्वीर सहित छाप्यो (दि इण्डिपेन्डेन्ट १९९२)। त्यस्तै, साप्ताहिक *जनमञ्च*मा "खाते: नेपाली शब्दकोशमा जसको स्थान छैन" शीर्षकमा खाते शब्दको अर्थ, खाते बालकहरूको समाज र सडक संस्कृति, अनि नाटकमा प्रस्तुत खाते जीवनको अन्तरंग कथाबारे छोटो लेख छापियो (जनमञ्च २०४९)। सो लेखसँगै छापिएको सडकपेटीमा बोरामाथि मस्त सुतिरहेका तीन बालकहरूको तस्वीरले सो लेखको शीर्षकलाई अझ मूर्तरूप दिने काम गरेको थियो। यसरी सडकबाट रंगमञ्चमा उत्रेपछि मात्र सडक बालबालिकाहरूले, र विशेषगरी खाते बालकहरूले, नेपाली पत्रकारहरूको ध्यानाकर्षण गर्न सफल भए।

## खाते: सञ्चारमा एक उल्लेखनीय विषय

नेपाली सञ्चार माध्यमहरूले सन् १९९३ मा सडक बालबालिकाहरूको क्षेत्रमा महत्वपूर्ण भूमिका खेले। दैनिक र साप्ताहिक अखबारहरूले मात्र नभई मासिक पत्रिकाहरू र रेडियो तथा टेलिभिजनले समेत सडक बालबालिकाहरूको विषयमा विभिन्न सामग्रीहरू प्रचार प्रसार गरे। सन् १९९३ को शुरुतिर *साधना* मासिक पत्रिकाले धर्म अधिकारीको अनुसन्धनात्मक लेख छाप्यो। खाते काम गर्ने र सडकमा सुत्ने बालबालिकाहरूसंग कुराकानी गरी तयार गरिएको यस लेखले उनीहरूको वस्तुस्थिति, व्यक्तिगत कथाहरू र दैनिक क्रियाकलापहरू राम्ररी प्रस्तुत गरेको छ (अधिकारी २०४९)। सो आलेखमा खाते शब्दको प्रयोग प्लास्टिक टिप्ने काम जनाउन र त्यो काम गर्ने बालबालिकालाई सम्बोधन गर्न मात्र गरिएको छ।

सन् १९९३ को शुरुतिर यो सीमित अर्थ भएको शब्द 'खाते' १९९३ को अन्त्यसम्ममा सबै सडक बालबालिकाहरूको पर्यायवाची बन्न पुग्यो। यस्तो हुनुको पछाडि नेपाली सञ्चारमा यो शब्दको अत्यधिक प्रयोग नै हो। पत्रपत्रिकाहरूमा खबर र लेखहरू छापेर गैरसरकारी संस्थाहरूले सडक बालबालिकाको विषयमा नेपालीहरूलाई जानकारी दिने जमर्को गरेको पाइन्छ। उदाहरणका लागि, "नेपालमा ५,००० खाते छन्" (राष्ट्रपुकार २०५०) शीर्षकमा नेपाल महिला तथा बाल क्रृयाकलाप केन्द्र (NCWCA) द्वारा तयार परिएको सानो टिप्पणी छापिएको छ भने यही संस्थाले 'के भन्छन् खातेहरू ?' (युगसबांद २०५०क) शीर्षकमा एकजना बालकको कथा प्रस्तुत गरेको छ। यी दुवै प्रस्तुतिहरूमा खाते शब्दको प्रयोग शीर्षकमा भएबाट यो शब्द गैरसरकारी संस्थाहरू र सञ्चारकर्मीहरूबीच प्रयोगमा आउने साधारण शब्द बनिसकेको दाबी

गर्न सकिन्छ। यसको अलावा, यी दुवै लेखहरूमा खाते शब्दले सडकमा बस्ने सबै खाले बालबालिकाहरूलाई सम्बोधन गरेको छ। तसर्थ, खाते शब्दको अर्थमा विस्तृतीकरण गर्ने काम गैरसरकारी संस्थाहरूले सञ्चार माध्यमबाट गरेका हुन् भन्न सकिन्छ।

सन् १९९३ को अक्टोबरदेखि पत्रपत्रिकामा सडक बालबालिकासम्बन्धी सामग्रीहरू प्रशस्त देखिन थाले। यसको मुख्य कारण संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)को प्रायोजनमा बाल कल्याण समाजले अक्टोबर ११, १२ र १३ (२०५० असोज २५, २६ र २७)मा काठमाडौंको सभागृहमा आयोजना गरेको सडक बालबालिकाहरूको राष्ट्रिय सम्मेलन थियो। सम्मेलन शुरु हुनुभन्दा एक हप्ताअगाडि नै यसलाई "खातेको नाममा डलरको खेती", "सतही र अनुपलब्धिमूलक कार्यक्रम" भनेर आलोचना गरिएको थियो (लुम्बिनी २०५०)। सम्मेलन शुरु भएपछि यसबारे सञ्चारमा व्यापक चर्चा भयो। सम्मेलन र सडक बालबालिकाहरूको वस्तुस्थिति थुप्रै दैनिक र साप्ताहिक पत्रिकाहरूमा समाचारका विषय बने (कान्तिपुर २०५०ख, गोरखापत्र २०५०क, ख, नेपाल टाइम्स २०५०, स्पटलाइट १९९३) भने कतिपय पत्रिकाहरूका सम्पादकीयको विषयवस्तु बने (कान्तिपुर २०५०क, काठमाण्डु पोष्ट १९९३, राइजिङ नेपाल १९९३)। "खाते-सम्मेलन" भनेर व्यापक छलफलको विषय बनेको यो कार्यक्रमलाई कसैले "उपलब्धिहीन खाते-सम्मेलन" को नाम दिँदै "बुद्धिजीवीहरूको डलर खाने भाँडो" (अधिकारी २०५०) भने, कसैले "सपनाको खेती" (मुक्तिबन्धु २०५०), त कसैले यस सम्मेलनले सडक बालबालिकाहरूलाई कुनै पनि हिसाबले मद्दत गर्न नसकेको र "वनको चरी वनैमा" (गुरागाईं १९९३) भने जस्तै "सडकका बालक सडकमै" (जन्मभूमि २०५०) रित्तो हात फर्किए भन्ने जस्ता आलोचनाहरू गरे। सम्मेलनबारेको समाचार नेपाल टेलिभिजनले पनि प्रसार गरेको थियो।

सडक बालबालिकाहरूलाई प्रत्यक्ष रूपमा केही फाइदा दिन नसके पनि सो सम्मेलनले सफलतापूर्वक गरेको एउटा काम चाहिं सञ्चार माध्यमको ध्यानाकर्षण गरेर सडक बालबालिकाहरूबारे व्यापक छलफल शुरु गरिदिनु हो। पत्रपत्रिकाले सम्मेलनबारे गरेका टीकाटिप्पणीमा खाते शब्दको प्रयोग व्यापक थियो र यसलाई सडकमा बस्ने सबै बालबालिकाहरूको सामूहिक संज्ञाको रूपमा प्रयोग गरिएको थियो। त्यसैले, बोरा बोकेर प्लास्टिक टिप्ने मात्र नभई पशुपतिमा जुत्ता हेर्ने र टेम्पोमा खलासी काम गर्ने केटाकेटीहरू पनि खाते नै कहलिए भने काठमाडौं बाहिर अन्य शहरबाट आएका खाते भन्ने शब्द नै नसुनेका सडक बालबालिकाहरू पनि यही नाममा मुछिए। सो सम्मेलनपछि पत्रपत्रिका पढ्ने नेपालीहरूमाझ खाते भन्ने शब्द सडक बालबालिकाको पर्यायवाची बन्न पुग्यो। त्यसपछि खातेको प्रतिविम्बसँग फोहरबाट प्लास्टिक आदि टिप्ने, पकेट मार्ने, चोरी गर्ने, चुरोट खाने, सडकमा होहल्ला गर्ने, इत्यादि नकारात्मक पक्षहरू गाँसिए।

सन् १९९३ अक्टोबर २७मा रेडियो नेपालको "परिक्रमा" भन्ने बिहानी कार्यक्रममा 'खातेहरूप्रति सामाजिक धारणा प्रतिकूल भएको, अहिले यो समस्या जटिल नभए तापनि अन्ततोगत्वा भयानक हुन सक्ने र सभ्य समाजको निर्माणमा ठूलो बाधा पुऱ्याउन सक्ने' जस्ता टिप्पणी गरिएको थियो। खातेहरू सानातिना



अपराधहरूमा संलग्न भएको र उनीहरूबाटै भविष्यमा अपराधीहरू निस्कने ठूलो संभावना भएको कुरा विभिन्न लेखहरूमा प्रस्तुत भएको छ (के.सी. २०५०, रञ्जन २०५०, कुँवर २०५२, गुरागाईं २०४८)। खातेहरू लागू पदार्थको ओसारपसार गर्ने, बगली मार्ने र घरघरबाट चोर्ने कामहरूमा संलग्न रहेको खबर पत्रपत्रिकामा आएपछि (कान्तिपुर १९९५क, गोरखापत्र २०५३) पनि सामाजिक धारणा खातेहरू प्रतिकूल भएको हुनसक्छ। खातेहरू स्वय स-साना अपराधमा लागेका र वयस्क अपराधीहरूको व्यक्तिगत जीवन हेर्दा धेरै सडक बालबालिकाबाट नै आएका छन् भन्ने दावी गर्दै प्रहरी प्रधान कार्यालयले सन् १९९५ मा सडक बालबालिकाको तथ्याङ्क संकलन गरेको थियो (कुँवर २०५२)। 'खातेहरू अपराधी हुन् र भविष्यको अपराधका स्रोत हुन्' भन्ने कुरा जनसमक्ष पुऱ्याउन १९९३ मा प्रहरी कार्यालयबाट निर्मित र नेपाल टेलिभिजनबाट प्रसारित 'खाते' शीर्षकको वृत्तचित्रले मदत गरेको थियो। 'खाते भनेका सबै चोर हुन्' भन्ने गलत सन्देश दिने वृत्तचित्र निर्माण गर्ने र तथ्याङ्क संकलन गर्ने नाममा सडक बालबालिकाहरूलाई जबरजस्ती जम्मा गरेर प्रहरी कार्यालय लगी आ-आफ्नो नाम लेखेको स्लेट छातीमा बोक्न लगाई अपराधीहरू झैं फोटो खिच्दा पनि पत्रपत्रिकामा प्रहरीको यस कार्यबाट भएको बालबालिकाहरूको मानव अधिकार हननबारे कुनै टीकाटिप्पणी र आलोचना भएन। बरु, 'खातेहरू आपराधिक क्रियाकलापमा संलग्न छन् र यिनीहरूबाट समाजमा विविध समस्याहरू उत्पन्न भइरहेका छन्' भन्ने दृष्टिकोण पत्रपत्रिकामा आइ नै रहेबाट (प्रहार २०५४) खाते शब्दले संकेत गर्ने समूहबारे नकारात्मक धारणाहरू समाजमा व्यापक भएको महसुस हुन्छ।

सामाजिक धारणा खातेहरू प्रतिकूल हुनुको अर्को कारण खाते भन्ने शब्दको विस्तृतीकरण पनि हो। यो शब्दले सडकमा बस्ने सबै किसिमका काम गर्ने बालबालिकाहरूलाई औंल्याउने बित्तिकै यो संज्ञा दिन मिल्ने समूह नै एक्कासी ठूलो भयो। यसको अलावा, सडक बालबालिकाहरूको सम्मेलनको सिलसिलामा भएको रिपोर्टिङ्गमा खातेको संख्या नेपालभर ५,००० र काठमाडौंमा १,५०० छ भन्ने सिवीनको अनुमानित तथ्यांकलाई पत्रपत्रिकाहरूले बारम्बार प्रस्तुत गरेर 'तथ्य' नै बनाइदिएका थिए। यी संख्याहरू के आधारमा निकालिएका हुन् र मान्य हुन् कि होइनन् भन्ने जस्ता आधारभूत प्रश्नहरू पत्रकारहरूबाट न कहिले उठाइए, न त खाते भन्ने शब्दको सामूहिक अर्थ लगाउँदा सडक बालबालिकाहरूलाई के कस्तो असर पर्ला भन्ने कुरा नै उनीहरूको चिन्ताको विषय बन्यो। बरु, यही सामूहिक अर्थमा अत्यधिक प्रयोग गर्दै 'खातेहरू समस्याका विषय हुन्, यिनीहरूको संख्या बढ्दो छ, सरकार र समाजले समयमै उचित ध्यान दिनुपर्छ' भन्ने सन्देश बोकेका लेख र खबरहरू प्रशस्त आइ नै रहे।

यसपछि देशका अन्य शहरहरू नारायणगढ (विरही २०५४), महेन्द्रनगर (नरदेव २०५२), पोखरा (युगसम्वाद २०५०ख, मरहठ्ठा २०५१), विराटनगर (कान्तिपुर २०५०ग), बीरगंज (सुरुचि २०५०), हेटौंडा (काठमाण्डु पोष्ट १९९७), आदिका सडक बालबालिकाहरू र उनीहरूको वस्तुस्थितिबारे जानकारी दिने सामग्री पनि पत्रिकाहरूमा आउन थाले।

## मिडियाको योगदान: जनचेतनामा खाते

खाते बालबालिकाहरूबारे छापिएका सामग्रीहरूलाई नियाल्दा बालदिवसको अवसरमा गरिएका कार्यक्रमहरूमा खातेहरूको संलग्नतादेखि लिएर (कान्तिपुर २०५१क,ख) बाल यौन अपराधीहरूको शिकार हुन पुगेका खातेहरूबारे (लोकपत्र २०५२, जनआस्था २०५३, जंगम २०५३) अनि खाते बालबालिकाको लागि विभिन्न संघसंस्थाहरूले गरेका कार्यक्रम, अभियान र प्रयासहरूबारे नेपाली सञ्चार माध्यमले प्रशस्त स्थान दिएको पाइन्छ (श्री सगरमाथा १९९६क, ख, राइजिङ नेपाल १९९५, श्री सगरमाथा २०५३क, ख)। यसरी सडक बालबालिकाहरूको जोखिमपूर्ण परिस्थिति, बालअधिकार र उनीहरूका लागि सरकारी र गैरसरकारी निकायहरूबाट भइरहेका कार्यक्रमहरू बारम्बार प्रस्तुत गरेर मिडियाले नेपालीहरूलाई सडक बालबलिकाहरूबारे कुनै न कुनै धारणा बनाउन बाध्य तुल्याएको छ भन्नुपर्छ।

'सडक बालबालिकाहरू समस्याका विषय हुन् र उनीहरूतर्फ समाजको ध्यान जानुपर्छ' भन्ने धारणा शहरीयाहरूको चेतमा राम्ररी घुसिसकेको कुरा खातेहरूलाई केन्द्रविन्दु बनाएर निर्माण गरिएका टेलिशृङ्खलाहरू "खाते" (कान्तिपुर १९९५ख) र "जय विजय" (आजको समाचारपत्र २०५३), अनि टेलिचलचित्र "मुक्ति" (कान्तिपुर २०५१ग) बाट झल्किन्छ। "खातेहरूको जीवनचरित्रमा आधारित" (जनमञ्च १९९४) वा "निरीह खाते बालकहरूको करुणामय कथामा आधारित" (कान्तिपुर २०५२) जस्ता विशेषणहरूबाट समीक्षा र विज्ञापनहरूमा सज्जिन सफल भएको चलचित्र "सडक"को मूल विषय प्रेम-कथा भए पनि मूल पात्रहरू पहिले सडक बालकहरू भएको शुरुका केही मिनेटहरूमा देखाइएको सडक जीवनबाट थाहा हुन्छ। कथावस्तु जे जस्तो भएपनि खातेहरूको विषयलाई लिएर टेलिभिजन र चलचित्र जस्ता आम सञ्चारका माध्यमहरूबाट जनचेतना जगाउन सकिन्छ र जगाउनुपर्छ भन्ने धारणाको विकास भएबाट खातेहरूबारेको चिन्तनमा विभिन्न पेशाका व्यक्तिहरू सहभागी भएको थाहा हुन्छ। यस चिन्तनमा नेपाली साहित्यकारहरू र स्कूलमा पढ्ने बालबालिकाहरू पनि सहभागी भएको कुरा उनीहरूबाट सृजित कथा, कविता, नाटक, उपन्यास, खण्डकाव्य, आदिले अंकित गर्छ। खातेहरूलाई केन्द्रबिन्दु बनाइएका र उनीहरू प्रति सहानुभूति राख्ने यस्ता सृजनाहरू छुट्टै पुस्तकको रूपमा (सिग्देल २०५५) वा साहित्यिक पत्रिकाहरूमा (सापकोटा २०५२, नेपाली २०५४, मरासिनी २०५३) प्रकाशित भएका छन् भने बालबालिकाहरूका कथा, कविताहरू बालपत्रिकाहरूमा (खनाल २०५६, खरेल मिति उल्लेख नभएको) वा दैनिक अखवारपत्रहरूका बालबालिकाको लागि छुट्ट्याइएको खण्डमा देखा परेका छन् (करणजीत २०५४, कँडेल २०५४, पराजुली १९९६, रायमाझी १९९६)। यस्ता सृजनात्मक प्रस्तुतिहरूबाट के थाहा हुन्छ भने सञ्चार माध्यममार्फत् सडक बालबालिकाहरूबारे अवगत भएका ठूला साना सबै नेपालीहरूका लागि खाते एक परिचित र साधारण शब्दमात्र नभई शहरीया वातावरण र त्यहाँको आर्थिक एवं सामाजिक संरचनाको अभिन्न वर्ग पनि भइसकेको छ।

यसरी सञ्चारका विभिन्न माध्यमहरूमार्फत् प्राप्त भइरहेका सामग्रीहरूलाई सूक्ष्म विश्लेषण गर्दा नेपालीहरूमा सडक बालबालिकाहरूको जोखिमपूर्ण परिस्थिति



र सडक संस्कृतिबारे केही न केही बोध भैसकेको महसुस हुन्छ। तर, सडक बालबालिकाहरूको जोखिमपूर्ण परिस्थितिलाई मुलुकको आर्थिक राजनीतिक र सामाजिक परिवेशभित्र राखेर विश्लेषण गरिएका विचारप्रधान लेखहरू सञ्चारको मूलधारमा बिरलै पढ्न पाइन्छ। सडक बालबालिकाहरूमाथि भइरहेको सामाजिक अन्यायलाई सम्बन्धित निकायहरूले ध्यान दिनुपर्छ र बालअधिकारको संरक्षण हुनुपर्छ भन्ने जस्ता आह्वान बोकेका लेखहरू भने प्रशस्तै भेटिन्छन्। पत्रपत्रिकाहरूमा सडक बालबालिकाहरूबारे लेखिएको धेरैजसो सामग्री कुनै एक सडक बालकको छोटो परिचयबाट शुरु भएर 'सडक बालबालिका वा खाते को हुन्, किन सडकमा आइरहेछन्, र के कस्ता कामहरू गरेर हातमुख जोरिरहेछन्' भन्ने उही कथामा टुङ्गिएको हुन्छ। यस्ता सामग्रीहरूले खातेहरूको संख्या ५,००० छ भन्ने अनुमानलाई तथ्यको रूपमा प्रस्तुत गर्ने, यो संख्या दिनहुँ बढ्दै छ भन्ने आधारहीन दावी गर्ने, र यस्तो हुँदाहुँदै पनि सरकारी र गैरसरकारी निकायहरू निष्क्रिय वा निकम्मा भएकोमा कटु आलोचना गर्ने गरेको पाइएको छ। यस्तो लेखनले पाठकको ध्यानाकर्षण गरेर पत्रपत्रिका बिक्री गर्न त सहयोग पुऱ्याउला, तर यसबाट सडक बालबालिकाहरूको विषयमा थप जानकारी, नयाँ दृष्टिकोण वा उपयोगी सरसल्लाह केही पनि प्राप्त हुँदैन।

खातेहरूबारे बारम्बार आवाज उठाइरहेर सम्बन्धित निकायहरूलाई झकझक्याउने काम मिडियाले गर्नुपर्छ, र कुनै हदसम्ममा गरेको पनि छ। तर, अनुसन्धानात्मक पत्रकारिताको अभावले गर्दा खोक्रो आलोचना, मिथकको स्थापना र उही चिरपरिचित बालअधिकार र बालविकासका आह्वानहरू व्याप्त सामग्रीहरू नै बढी मात्रामा देखा परेका छन्। त्यसैगरी, एकातर्फ सडक बालबालिकाहरूको मार्मिक व्यक्तिगत कथाहरू प्रस्तुत गरेर उनीहरूको आवाज जनसमक्ष पुऱ्याउने जमर्को मिडियाले गरेको छ भने, अर्कोतर्फ सबै सडक बालबालिकाहरूलाई खातेको संज्ञा दिएर यो शब्दसँग जोडिएको पहिचान स्वीकार नगर्ने र आपत्ति जनाउने सडक बालबालिकाहरूप्रति अन्याय गरेको छ। खाते पहिचानलाई स्थापित गर्दा सडक बालबालिकाहरूको जीवनमा के-कस्तो नकारात्मक असर पर्छ/परेको छ भन्ने प्रश्न सञ्चारकर्मीहरूले कहिल्यै उठाएनन्। बरु, खाते भन्ने शब्दको प्रचलन बढेको खबर "खाते कर" (कान्तिपुर १९९६) र "खाते बियर" (ग्राहक २०५४) जस्ता शीर्षकहरूमार्फत् पाठकहरूलाई अवगत गराइ नै रहे। खाते भन्ने संज्ञा खाते काम गर्ने बालबालिकाहरूले आपसमा प्रयोग गरे पनि अरुले उनीहरूलाई यो नामले बोलाएको उनीहरू रुचाउँदैनन् (वन्त-भट्ट १९९६)। अझ खाते काम नगर्ने अन्य सडक बालबालिकाहरू त यो काम र नाम दुवैप्रति घृणा गर्छन्। यस नामले उपेक्षित भएको ठान्ने सडक बालबालिकाहरूलाई यही नामले व्याख्या गर्ने सञ्चारले बालअधिकारको डम्फु बजाउने मात्र हैन बालबालिकाहरूको आवाज आफैंले पनि सुन्नु आवश्यक छ। त्यस्तै, सडक बालकहरूको अनुमतिविना नै उनीहरूको खास नाम र थप व्यक्तिगत जानकारीसहित उनीहरूको जीवनकथा प्रकाशित गर्ने गरेको कुरा पनि सडक बालबालिकाहरूबाटै सुनिएको छ (वन्त-भट्ट १९९६:१८४)। यसरी सडक बालबालिकाहरूको मुद्दामा पक्षधर भएको आभास दिने सञ्चार माध्यमहरूले पत्रकारिताको आधारभूत

मान्यतालाई नै बेलाबेलामा नाघेका छन्। मिडियाले आफूभित्र सन्निहित यी कमजोरीहरूलाई राम्ररी नियाल्ने र साञ्चारिक मान्यताको दायराभित्र बसेर शिक्षित गर्ने, निरपेक्ष रूपमा समाचार जनसमक्ष पुऱ्याउने र अनुसन्धानात्मक पत्रकारिताको अभ्यासलाई दिगो र प्रचलित बनाउने दिशातिर उचित कदमहरू चाल्न आवश्यक छ।

## सन्दर्भ सामग्री


अधिकारी, धर्म. २०४९. दुराचार मण्डलमा भासिएका अबोध 'खाते' नानीहरू. *साधना* ३(१): ७-२९.

अधिकारी, लक्ष्मण. २०५०. उपलब्धिहीन खाते-सम्मेलन समाप्त. *महानगर*, १० मंसिर, पृ २.

आजको समाचारपत्र. २०५३. खातेको पीडा बोकेर 'जय-विजय' आउने. १३ असोज, पृ ७.

कँडेल, विश्वनाथ. २०५४. मेरो बाध्यता र विवशता. *गोरखापत्र*, १४ भदौ.

करणजीत, अमिस विक्रम. २०५४. बालक हामी. *गोरखापत्र*, ३० कार्तिक.

कान्तिपुर. २०५०क. सडकमा बाँचेका केटाकेटी. २६ असोज.

कान्तिपुर. २०५०ख. सडक बालबालिकाप्रति राष्ट्रिय चासो आवश्यक. २६ असोज, पृ १.

कान्तिपुर. २०५०ग. विराटनगरका खाते: शंख नबजाई जय गोरखनाथ. २ पुस.

कान्तिपुर. २०५१क. सडक बालबालिकाद्वारा साँस्कृतिक कार्यक्रम. ५ भदौ.

कान्तिपुर. २०५१ख. धरानमा खातेहरूको बालदिवस. ७ भदौ.

कान्तिपुर. २०५१ग. खातेहरूको जीवनवृत्तिमा 'मुक्ति'. ८ चैत्त.

कान्तिपुर. २०५२. चलचित्र 'सडक' को विज्ञापन. १६ वैशाख.

कान्तिपुर. सन् १९९५क. लागू पदार्थमा खातेहरूको प्रयोग. २० फेब्रुअरी.

कान्तिपुर. सन् १९९५ख. खातेहरूको जीवनशैली टेलिचलचित्रमा. १७ मार्च.

कान्तिपुर. सन् १९९६. खाते कर. २१ मार्च.

कुँवर, बसन्त. २०५२. सडक बालबालिका नायकभन्दा खलनायक रुचाउँछन्. *कान्तिपुर*, २८ असोज.

के.सी., देवेन्द्र. २०५०. खातेहरू नगरका समस्या. *दिव्यदर्शन*, ६ माघ.

खनाल, सुनिल. २०५६. खाते. *मुना* ९(१०५): ४७.

खरेल, बालकृष्ण. मिति उल्लेख नभएको. खातेको पनि दिन पलाउँछ. *सुनकेसा* ६(१):६-७.

गुरागाईं, गोपाल. २०४८. अपराध जगतका विवश यी बाल अनुहारहरू. *दृष्टि*, ९ असोज.

गुरागाईं, लक्ष्मी. सन् १९९३. हाम्रो महानगरका अनागरिकहरू. *गोरखापत्र*, २० नोभेम्बर.

गोरखापत्र. २०५०क. सडक बालबालिकाहरूको प्रथम राष्ट्रिय सम्मेलन शुरु. २६ असोज.

गोरखापत्र. २०५०ख. सडक त छाड्ने तर घर खोई? २९ असोज.

गोररखापत्र. २०५३. राजधानीमा बगलीमाराका समेत ट्याक्सी सञ्चालन. १२ जेठ, पृ १, ३.

ग्राहक. २०५४. खाते बियर. १(१):८.

जंगम, अग्नि. २०५३. राजधानीमा कलिला बालकहरूको कहालीलाग्दो बेश्यालय! *साधना* ४१:२६-५३.

जनआस्था. २०५३. राजधानीमा बाल यौन अपराधी गिरफ्तार. १२ असार, पृ १,८.

जनमञ्च. २०४९. खाते: नेपाली शब्दकोशमा जसको स्थान छैन. २२ साउन, पृ १६.

जनमञ्च. सन् १९९४. खातेहरूको कथा 'सडक'. २९ सेप्टेम्बर, पृ २५.

जन्मभूमि. २०५०. सडकका बालक सडकमै. १ कार्तिक.

धिताल, रूपा. सन् १९९१. 'फोहोर टिपेर गुजारा गर्छौं': काठमाडौंका खाते बालबालिका. *बालसरोकार* १(२):३६-३८.

नरदेव. २०५२. यी बालकका भाग्यमा के लेखेको होला? *कान्तिपुर*, २३ साउन.

नेपाल टाइम्स. २०५०. सडक बालकको दु:ख बुझ्न सडकमा सुत्ने कार्यक्रम. २७ असोज.

नेपाली, उत्तम. २०५४. खाते, राजनीति र हाम्रो संस्कृति. *मधुपर्क* ३०(४):५७.

प्रहार. २०५४. सडक बालक र उनीहरूबाट उत्पन्न समस्याहरू. १५ माघ, पृ ३.

बिरही, तीलक. २०५४. यसरी बाँचेका छन्: नारायणगढका बालबालिका. ६ फागुन.

मरहठ्ठा, पुरुषोत्तम. २०५१. नेताहरूको आँखादेखि धेरै टाढा छन् पोखराका खातेहरू. *कान्तिपुर*, २६ असोज.

मरासिनी, नारायणप्रसाद. २०५३. खाते. *गण्डकी संगम* ३(१):२८.

युगसम्बाद. २०५०क. के भन्छन् खातेहरू? २२ भदौ.

युगसम्बाद. २०५०ख. पोखरामा सडक बालक बढ्दैछन्. १२ असोज.

रञ्जन, जगत. २०५०. खाते-अवाञ्छित त्रासदी. *नेपाल जागरण*, ४ श्रावण.

राष्ट्रपुकार. २०५०. नेपालमा ५,००० खाते छन्. २३ वैशाख.

लुम्बिनी. २०५०. खातेको नाममा डलरको खेती. १७ असोज.

लोकपत्र. २०५२. महानगरका खातेहरू पर्यटकको यौन शोषणमा. ३ चैत्र, पृ २.

सापकोटा, गोपी. २०५२. सडक. *समकालीन साहित्य* २०(५):१७५-१८५.

सिग्देल, भुवनहरि. २०५५. खाते. काठमाडौं: हे. र. स. क.

सुरुचि. २०५०. वीरगंजका खातेहरूको खाता. १३ मंसिर.

श्री सरगमाथा. सन् १९९६क. खातेहरूलाई सुधार्न खातेहरू सक्रिय. २६ फेब्रुअरी.

श्री सगरमाथा. सन् १९९६ख. सडक बालबालिकाहरू सामाजिकीकरणको अभियानमा. २२ मार्च.

श्री सगरमाथा. २०५३क. असहाय बालिकाहरूले यसरी संरक्षण पाएका छन्. २४ जेठ, पृ ८.

श्री सगरमाथा. २०५३ख. सडक बालबालिकालाई नागरिक बनाउनुपर्ने. २ असार, पृ २.

CWIN. 1989. Street Kids in Kathmandu. *Voice of Child Workers* 5/6:12-15.

Onta-Bhatta, Lazima. 1996. Street Children: Contested Identities

and Universalizing Categories. *Studies in Nepali History and Society* 1(1):163-199.

Onta-Bhatta, Lazima. 2000. Street Children's Subcultures and Cultural Practices of Childhood in Nepal. Ph.D. Dissertation, Cornell University.

Parajuli, Kamal. 1996. Street Children. *The Rising Nepal* (Friday Supplement), 12 July, p.IV.

Rayamajhi, Udip. 1996. Street Children of Kathmandu. *The Kathmandu Post*, 29 January.

Spotlight. 1993. Off the Record. 22 October, p.25.

The Independent. 1992. Street Kids Take the Stage. 19 August.

The Kathmandu Post. 1993. Street Children. 11 October.

The Kathmandu Post. 1997. Street Children on Rise in Hetauda. 16 March, p.2.

The Rising Nepal. 1993. Street Children. 13 October.

The Rising Nepal. 1995. Balkendra Home for Waifs. 11 August, p.1,8. ■